भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश

## व्यवसायिक फर्ममा मलमुत्र संरक्षण सहयोग सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७९

(मिति २०७९।०९।२१ को माननीय मन्त्रिस्तर निर्णयबाट स्वीकृत)

व्यवसायिकरुपमा पशुपालन गर्ने फर्महरुमा सरसफाईको अवस्था उच्च राख्न र पशुहरुबाट उत्सर्जित मलमुत्रमा रहेका बोट विरुवाका खाद्यतत्वहरुको क्षति हुन नदिई उचित व्यवस्थापन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यबिधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालयले यो मापदण्ड बनाएको छ।

१. **प्राविधिक पक्षः**

(क) मलमुत्र व्यवस्थापन कार्य भन्नाले पशुको पिसाव संकलन, मल संकलन, विभिन्न प्रविधिको प्रयोग गरी प्राङ्गारिक मल उत्पादन, प्रशोधन र प्याकेजिङ्ग सम्बन्धी कार्यहरु सम्झनु पर्दछ।

(ख) मलमुत्र संरक्षण कार्यका लागि फर्म, कम्पनी, समूह वा सहकारी संस्थाले आवेदन पेश गर्न सक्नेछन्।

(ग) यस कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने आवेदकको न्यूनतम योग्यता देहाय अनुसार हुनु पर्नेछ।

(अ) व्यवस्थित खोर/गोठ भएको।

(आ) कम्तिमा १० माउ गाई वा भैंसी वा दुबै वा २५ वटा पाडापाडीपालन गरेको वा कम्तिमा ३० माउ भेडा वा बाख्रा वा दुबै पालन गरेको वा कम्तिमा १० माउ वंगुर वा २५ वटा फ्याटनर (मासु उत्पादनका लागि पालिएका वंगुर) पालन गरेको।

(घ) मलमुत्र व्यवस्थापन सम्बन्धी कार्य सञ्चालन गर्दा पानीको स्रोत र वातावरणमा प्रतिकुल प्रभाव पर्न नहुने।

२. **आर्थिक पक्षः** स्वीकृत वार्षिक कार्यक्रमको अधिनमा रही देहायका कार्यहरुका लागि कुल लागतको बढीमा पचास प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

(क) मलमुत्र व्यवस्थापनका लागि भौतिक संरचना निर्माण।

(ख) मलमुत्र व्यवस्थापनका लागि आवश्यक उपकरण तथा मेसिनहरु खरिद।

३. **प्रस्ताव मूल्याङ्कनः**

| क्र.सं. | मुल्याङ्कनका आधार | अंक भार |
|---|---|---|
| १ | **पूर्वाधारको अवस्था** | १० |
| (क) | व्यवस्थित गोठखोर भएको | १० |
| (ख) | व्यवस्थित गोठखोर नभएको | ० |
| २ | **लागत साझेदारी** | १० |
| (क) | कुल लागतको ५० प्रतिशतका लागि ५ अंक र सो भन्दा बढी भएमा प्रति ५ प्रतिशतका लागि १ अंक थप गर्दै अधिकतम १० अंक प्रदान गर्ने। | १० |
| ३ | **रोजगारी सृजना (प्रत्यक्ष)** | ५ |
| (क) | एकाघरको परिवार बाहेक कम्तिमा थप एक जनालाई रोजगारी दिने | ५ |
| (ख) | एकाघरको परिवार बाहेक अन्यलाई रोजगारी नदिने | ३ |

| | | |
|---|---|---|
| ४ | **पशु संख्या** | १० |
| (क) | कम्तिमा १० माउ गाई वा भैंसी वा दुबै वा २५ वटा पाडापाडीपालन गरेको वा<br>कम्तिमा ३० माउ भेडा वा बाख्रा वा दुबै पालन गरेको वा<br>कम्तिमा १० माउ वंगुर वा २५ वटा फ्याटनर (मासु उत्पादनका लागि पालिका वंगुर) पालन गरेको भएमा ५ अंक प्रदान गरी थप २० प्रतिशत पशु संख्याका लागि १ अंक थप गर्दै अधिकतम १० अंक प्रदान गर्ने। | |
| ५ | **प्राविधिक उपयुक्तता** | ५ |
| (क) | पर्याप्त र उपयुक्त जमिन भएको, पानीको स्रोत र वातावरणमा प्रतिकुल प्रभाव नपर्ने | ५ |
| (ख) | पर्याप्त र उपयुक्त जमिन भएता पनि पानीको स्रोत र वातावरणमा प्रतिकुल प्रभाव पर्ने | ० |
| ६ | **मलमुत्र व्यवस्थापन सम्बन्धी कार्य** | १० |
| (क) | झोल तथा ठोस मल उत्पादनका लागि संकलन, प्राङ्गागरिक मल उत्पादन, प्याकेजिङ्ग र विक्रिवितरण सम्बन्धी कार्य गर्ने | १० |
| (ख) | झोल तथा ठोस मल संकलन व्यवस्थापन मिलाई विक्रिवितरण गर्ने | ५ |
| ७ | **जोखिम व्यवस्थापन, नवीनतम सोच, दिगोपना आदि (स्थलगत प्रमाणीकरण र प्रस्तावकसँगको अन्तरक्रियाका आधारमा १ देखि १० अंक दिने)** | १० |
| | **जम्मा** | ६० |

**४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) कम्तिमा ५० प्रतिशत लागत साझेदारी हुने गरी बुँदा नं. ५ वमोजिमको ढाँचामा तयार गरीएको प्रस्ताव।

(ग) आवेदक समूह वा सहकारी संस्था भएमा कार्यसमितिको बैठक निर्णयको प्रतिलिपि।

(घ) जग्गाधनी पूर्जाको प्रतिलिपि वा करारमा लिएको भएमा न्यूनतम १५ बर्षको लागि प्रचलित कानून बमोजिमको प्रकृया पूरा गरी भएको करार सम्झौताको प्रतिलिपि।

(ङ) प्रस्तावमा निर्माण कार्य समावेश भएमा निर्माण कार्यको लागत अनुमान (ड्रईङ र डिजाईज समेत) सम्बन्धी कागजात।

**५ प्रस्तावको ढाँचाः**

(क) आवेदकको संक्षिप्त परिचयः

| कार्यक्रमको नाम (सूचनामा उल्लेख भए अनुसार): | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| उद्योग रहेको/रहने स्थानको ठेगानाः | प्रोपाईटर/अध्यक्षको नामः |
| सञ्चालकको (सम्पर्क व्यक्ति) नामः<br><br>सम्पर्क नं.: | संलग्न हुने व्यवसायीको संख्याः |

(ख) पालन गरेको पशुहरुको विवरणः

(ग) गोठ/खोरको संरचना सम्बन्धी विवरणः

(घ) मासिक झोल वा ठोस वा दुबै मल उत्पादन क्षमता (हालको वा प्रस्तावित वा दुबै):

(ङ) जनशक्ति सम्बन्धी विवरणः

(च) रोजगारी सिर्जना (पूर्णकालीन र आंशिक रोजगारी सहित हालको वा प्रस्तावित वा दुबै):

(छ) प्रस्तावित क्रियाकलापहरुः

| क्रियाकलापको विवरण | इकाई | परिमाण | दर रु. | जम्मा लागत रु. | कार्यालयको अनुदान रु. | आवेदकको साझेदारी रु. |
|---|---|---|---|---|---|---|
| लागत साझेदारीमा संचालन हुने | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| आफ्नै लगानीमा संचालन हुने | | | | | | |
| | | | | | - | |
| | | | | | - | |
| | | | | | - | |
| जम्मा | | | | | | |

(नोटः आवश्यकता अनुसार हरफहरु थप गर्न सकिनेछ)

(ज)माग गरेको जम्मा अनुदान रकम (अंक र अक्षर दुबैमा उल्लेख गर्ने, फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने):

(झ)उत्पादन योजनाः

(ञ)नविनतम सोच (व्यवसाय सम्बन्धी कुनै नयाँ सोच/प्रविधि अपनाउने भए उल्लेख गर्नुहोस):

(ट)बजारीकरण योजना (उत्पादित मलको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?):

(ठ)अन्य विवरण (व्यवसायसँग सम्बन्धित थप प्रासंगिक विषयहरु भएमा उल्लेख गर्ने):

प्रस्तावकको

नामः छापः

ठेगानाः

दस्तखतः

मितिः